बैठक संख्या - ६४

आज मिति २०७६ साल पौष ७ गतेका सोमबारका दिन यस कनकाई नगरपालिकाका कार्यालयका नगरप्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्ष्यतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, सहीतको उपस्थितिमा कनकाई नगर कार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

१. नगर प्रमुख — राजेन्द्र कुमार पोखरेल–

२. नगर उप प्रमुख — मञ्जु प्रसाई–

३. वडा अध्यक्ष — रोशन राज पोखरेल–

४. वडा अध्यक्ष — परशुराम गिरी –

५. वडा अध्यक्ष — रुद्र प्रसाद चिमरीया–

६. वडा अध्यक्ष — गोबिन्द प्रसाद पौडेल–

७. वडा अध्यक्ष — कृष्ण बहादुर राई–

८. वडा अध्यक्ष — लक्ष्मी प्रसाद ओली –

९.वडा अध्यक्ष — लीला बहादुर कन्द

१० वडा अध्यक्ष — प्रेम बहादुर कटुवाल–

११. वडा अध्यक्ष — प्रेम प्रसाद राजवंशी–

१२. कार्यपालिका सदस्य — सिता अधिकारी–

१३. कार्यपालिका सदस्य — साबित्रा बर्देवा–

१४. कार्यपालिका सदस्य — चुवा लाल राजवंशी–

१५. कार्यपालिका सदस्य — देबेन्द्र कुमार दर्जी–

१६. कार्यपालिका सदस्य — कृष्ण माया भुजेल–

१७. कार्यपालिका सदस्य — सुनिता खरेल सिग्देल–

१८. कार्यपालिका सदस्य — नवलकिशोर दत्त कायस्थ–

१९. कार्यपालिका सदस्य — मुना बयलकोटी

२० सदस्य सचिव प्र प्र अ — खरुदेव चुडाल

अन्य कर्मचारी:

प्र.अ. — विवेक भण्डारी

## प्रस्तावहरु

१ सम्पुरक कोषको बाँडफाँड सम्बन्धमा ।

२. सडक मर्मत शीर्षकबाट रकम बाँडफाँड सम्बन्धमा।

३ बैंक तथा वित्तीय संस्था सम्बन्धमा ।

४ नदी नियन्त्रण सम्बन्धमा ।

५. जग्गा सट्टापट्टा सम्बन्धमा ।

६ वडा कार्यालय को भवन सम्बन्धमा ।

७ कार्यालय भवनको रनिङ बिल सम्बन्धमा ।

८ दैवी प्रकोप व्यवस्थापन सम्बन्धमा ।

९ मेयर आवास कार्यविधि सम्बन्धमा ।

१० डिप बोरिङ्ग सम्बन्धमा ।

११ सहयोग सम्बन्धमा ।

१२ सुरुङ्गा बजार व्यवस्थापन समिति सम्बन्धमा ।

## निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा सम्पुरक कोषबाट वडास्तरीय सम्पुरक समेत गरी तपशिल अनुसारको योजनामा रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | कराई फ्याक्ट्रीदेखि टेक नारायण बारीसम्म | रु १०,००,००० |
| २ | जामुनबारी ड्रेन निर्माण | रु १४,००,००० |
| ३ | खानेपानी मार्ग कालोपत्रे | रु १६,००,००० |
| ४ | सामुदायिक मार्ग स्तरोन्नति | रु ७,००,००० |

२. प्रस्ताव नं २ माथि छलफल गर्दा सडक मर्मत शीर्षकबाट तपशिल अनुसारको योजनामा रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | सुरुङ्गा खोला चप्रामारी अमरपथ जोडिने सडक स्तरोन्नति | रु १२,००,००० |
| २ | सगरमाथा सडक स्तरोन्नति | रु ५,००,००० |

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस न पा क्षेत्रभित्र रहेका बैंक तथा वित्तीय संस्थाहरु बाट यस नगरपालिका तथा वडा कार्यालयहरुमा बैंकिङ्ग सेवा प्रदान गर्ने सम्बन्धमा प्रस्ताव माग गर्ने निर्णय गरियो ।

४ प्रस्ताव नं ४ माथि छलफल गर्दा यस आ व ०७६।७७ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत नदी नियन्त्रण शीर्षकबाट कुल एक करोड पचास लाख देहायबमोजिम हुने गरी बाँडफाँड गरी कार्य सचालन गरिने निर्णय गरियो ।

| सि नं | नाम | विनियोजित रकम |
|---|---|---|
| १ | वडा नं १ बिरिङ्ग नदी नियन्त्रण | रु ३०,००,००० |
| २ | वडा नं ८ बिरिङ्ग नदी नियन्त्रण | रु २०,००,००० |
| ३ | वडा नं ९ बिरिङ्ग नदी नियन्त्रण | रु १०,००,००० |
| ४ | वडा नं ४ कनकाई नदी नियन्त्रण | रु २०,००,००० |
| ५ | वडा नं ५ सुरुङ्गा खोला तटबन्ध तथा नियन्त्रण | रु २०,००,००० |
| ६ | वडा नं १,३,६ र ७ सुरुङ्गा खोला तटबन्ध तथा नियन्त्रण | रु ३०,००,००० |
| ७ | वडा नं २ सन्काहा खोला (बाघे ढुंगे विरसिङ्गे समेत) | रु २०,००,००० |

५ प्रस्ताव नं ५ माथि छलफल गर्दा चौथो नगरसभाको निर्णय बमोजिम यस नगरपालिकाले भोगचलन गरिरहेको वडा नं ३ मा रहेको पूर्व पश्चिम राजमार्ग भन्दा उत्तर, धनुषकोटी मार्ग भन्दा पश्चिम, सुरुङ्गा खानेपानी भन्दा दक्षिण कनकाई सामुदायिक वनले संरक्षण गरिरहेको करिब २–१०-० क्षेत्रफलको जमिनसँग यस नगरपालिकाको नाममा बाह्रदशी गाउँपालिका वडा नं ७ मा रहेको २–१७-१० क्षेत्रफलको जमिनसँग सट्टापट्टा गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

६ प्रस्ताव नं ६ माथि छलफल गर्दा वडा नं ५ को वडा कार्यालय निर्माण गर्न श्रोत व्यवस्थापन गरी रकम उपलब्ध गराउने निर्णय गरियो ।

७ प्रस्ताव नं ७ माथि छलफल गर्दा कनकाई नगरपालिका भवनको पहिलो र दोश्रो तला निर्माणको प्राविधिक प्रतिवेदन अनुसार पहिलो रनिङ बिलको रकम निकाशा दिने निर्णय गरियो ।

८ प्रस्ताव नं ८ माथि छलफल गर्दा दैवी प्रकोप व्यवस्थापनका लागि बिरिङ्ग खोलाको पुलको ५०० मिटर उत्तर दक्षिण पुललाई असर नगर्ने गरी प्राविधिक प्रतिवेदन अनुसार गिटी बालुवा उत्खनन का लागि जिल्ला दैवी प्रकोप उद्धार समितिमा आवश्यक स्वीकृति माग गर्ने निर्णय गरियो ।

९ प्रस्ताव नं ९ माथि छलफल गर्दा मेयर आवास कार्यविधि २०७५ मा यस कार्यपालिकाको मिति २०७६।०८।१६ को निर्णयबमोजिम गठित समितिबाट पेश भए बमोजिमको आचारसंहिता को मस्यौदा स्वीकृत गरी मेयर आवास कार्यविधिमा संशोधन गर्ने निर्णय गरियो ।

१० प्रस्ताव नं १० माथि छलफल गर्दा निम्न अनुसारका स्थानमा डिप बोरिङ गर्नुपर्ने भएकाले सो कार्यका लागि दररेट माग गर्न सूचना आह्वान गर्ने निर्णय गरियो ।

| सि नं | स्थान | कैफियत |
|---|---|---|
| १ | चप्रामारी खानेपानी कनकाई ५ | |
| २ | कनकाई नगर कार्यपालिकाको कार्यालय | |
| ३ | स्वास्थ्य केन्द्र सुरुङ्गा | |

११ प्रस्ताव नं ११ माथि छलफल गर्दा तपशिल अनुसारका संस्थाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि नं | संस्थाको नाम | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १ | कालीमुडा युवा समाज | रु १,००,००० | निर्माणाधीन भवनका लागि |
| २ | सन्थाल सांस्कृतिक मञ्च | रु १,००,००० | |
| ३ | देवी प्रसाद उप्रेती निजानन्द आश्रम | रु ५,००,००० | |

१२ प्रस्ताव नं १२ माथि छलफल गर्दा मिति २०७६।०९।०५ गते वडा नं ३ द्वारा गठित सुरुङ्गा बजार व्यवस्थापन समितिलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै हाटबजार व्यवस्थापन समिति गठन तथा संचालन कार्यविधि २०७६ बमोजिम नगर कार्यपालिकाद्वारा मनोनीत गरिने सदस्य पदमा कनकाई ३ निवासी श्री पवन शाह र श्री टंक पाठक लाई मनोनयन गर्ने निर्णय गरियो ।